# भन्सार समाचार
# Customs News

**Customs and Business: Improving Performance Through Partnership** (भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार)

वर्ष-२ अङ्क २ ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस विशेषाङ्क:२०६६साल माघ १५ गते ( **29 January 2010)**


## अन्तर्राष्ट्रिय भन्सार दिवस कार्यक्रम व्यवसाय क्षेत्रको सक्रिय संलग्नतामा सम्पन्न




५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस भन्सार प्रशासन र व्यवसाय क्षेत्रको सक्रिय संलग्नतामा विभिन्न कार्यक्रमका साथ मनाइयो। २६ जनवरी १९५३ मा विश्व भन्सार सङ्गठन स्थापना भएको दिनको सम्झनामा २६ जनवरीका दिन विश्वभर अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने गरिएको छ। विश्व भन्सार सङ्गठनले सन् २०१० को वर्षभरी भन्सार र व्यवसायीको सहकार्यलाई सम्मान गर्ने र सो को सुरुआत भन्सार दिवसको दिनबाट गर्ने कार्यक्रम रहे अनुसार यस वर्षको अन्तर्राष्ट्रिय भन्सार दिवस Customs and Business: Improving Performance Through Partnership (भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार) भन्ने नाराका साथ मनाइएको छ।

भन्सार दिवसको दिन अपरान्ह भन्सार विभाग, उद्योग बाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्सको संयुक्त प्रायोजनमा एक विशेष समारोहको आयोजना गरियो। अर्थमन्त्री सुरेन्द्र पाण्डे प्रमुख अतिथि रहनुभएको उक्त समारोहमा नेपाल चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष सुरेश कुमार बस्नेतले सभापतित्व गर्नु भएको सो कार्यक्रममा राजस्व प्रशासनका पदाधिकारीहरू, व्यवसायीहरू, पत्रकारहरू लगायतका करिब २५० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित अतिथि तथा पदाधिकारीहरूबाट भन्सार प्रशासन तथा भन्सार व्यवसाय सहकार्यको सन्दर्भमा आफ्नो धारणा राख्नुका साथै मूल्याङ्कन र प्रशंसा गर्नु भयो।



भन्सार विभागका पूर्व महानिर्देशक दुर्गाप्रकाश पाण्डे सम्मानित हुँदै



भन्सार विभागका महानिर्देशक बोधराज निरौला सम्मानित हुँदै

समारोहमा उद्योग बाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्सका तर्फबाट भन्सार विभागका पूर्व महानिर्देशक दुर्गाप्रकाश पाण्डे, भन्सार विभागका महानिर्देशक बोधराज निरौला र निर्देशक श्यामप्रसाद दाहाललाई दोसल्ला ओढाइ सम्मान गरियो। उहाँहरूले भन्सार प्रशासनमा कार्यसम्पादनको क्रममा देखाउनुभएको लगनशीलता र कर्तव्यपरायणका कारण व्यवसाय क्षेत्रको विकासमा पुगेको योगदानको कदर स्वरूप उहाँहरूलाई सम्मानित गरिएको हो। कार्यक्रममा भन्सार प्रशासनबाट सन २०१० को लागि सर्वोत्कृष्ट कर्मचारीको रुपमा सम्मानित गरिएका भैरहवा भन्सार कार्यालयमा कार्यरत प्रमुख भन्सार अधिकृत गोविन्दप्रसाद श्रेष्ठ तथा भन्सार प्रशासनबाट आयोजना गरिएको भन्सार प्रशासनको कार्यसम्पादनको सिलसिलाको फोटो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने अधिकृतहरू क्रमशः सूर्यप्रसाद सेढाई, अरुण पौडेल र नीरद रेग्मीलाई अर्थमन्त्रीबाट प्रशंसापत्र प्रदान गरियो।

समारोहमा भन्सार विभागद्वारा प्रकाशित एकीकृत महसुल दरबन्दी पुस्तक, "भन्सार" स्मारिका र भन्सार विभागको वार्षिक प्रतिवेदनका साथै भन्सार विभागका पूर्व महानिर्देशक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव रामचन्द्रमान सिंहद्वारा लिखित Customs Administration: Theory and Practice with Reference to Nepal नामक पुस्तकको विमोचन अर्थमन्त्री पाण्डेबाट गरियो।



भन्सार विभागका निर्देशक श्यामप्रसाद दाहाल सम्मानित हुँदै

भन्सार दिवसको दिन माघ १२ गते बिहान भन्सार विभागका कर्मचारीहरूद्वारा भन्सार विभागको सभाकक्षमा भन्सार दिवस मनाइयो। कार्यक्रममा महानिर्देशक बोधराज निरौलाले कर्मचारीहरूलाई भन्सारको चिन्ह वितरण गर्नुभयो। सबैले एक अर्कालाई भन्सार दिवसको शुभकामना आदानप्रदान गरे। महानिर्देशक निरौलाले विगत एक वर्षमा आफ्नो कार्यसम्पादनमा विशेष मद्दत पुऱ्याएकोमा सबै कर्मचारीहरूलाई धन्यवाद दिँदै भन्सार प्रशासन लक्ष्य अनुसार कार्यसम्पादन गर्न सफल भएकोमा सबै कर्मचारीहरूलाई बधाई दिनुभयो। कार्यक्रममा सन २००९ मा अन्तर्राष्ट्रिय भन्सार समुदायको लागि विशिष्ट सेवा पुऱ्याए बापत विश्व भन्सार सङ्गठनबाट नेपालको भन्सार प्रशासनका कर्मचारीहरूलाई प्रदान गरिएको प्रमाणपत्र महानिर्देशकको तर्फबाट वितरण गरियो। कार्यक्रममा विगत एक वर्षमा भन्सार प्रशासनमा सर्वोत्कृष्ट योगदान पुऱ्याए बापत यस वर्ष सम्मानित गरिने भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत गोविन्द श्रेष्ठको नाम घोषणा गरिनुको साथै उत्कृष्ट योगदान पुऱ्याउने विभिन्न कर्मचारीहरूलाई प्रमाणपत्र वितरण गरियो। कार्यक्रममा सन २०१० का उत्कृष्ट भन्सार एजेन्टहरूको नाम पनि घोषणा गरियो।




अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउँदै भन्सार विभाग परिवार

५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस जिल्ला स्थित भन्सार कार्यालयहरूले पनि विभिन्न कार्यक्रमकासाथ भव्य रूपमा मनाएको समाचारहरू प्राप्त भएका छन्।

# भन्सार पदाधिकारीहरू विश्व भन्सार सङ्गठनबाट पुरस्कृत

भन्सार प्रशासनका पदाधिकारीहरू अन्तर्राष्ट्रिय भन्सार समुदायलाई उत्कृष्ट सेवा पुऱ्याए बापत विश्व भन्सार सङ्गठनबाट पुरस्कृत भएका छन्। विश्व भन्सार सङ्गठनका महासचिवबाट हस्ताक्षरित प्रमाणपत्रबाट पुरस्कृत पदाधिकारीहरू ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा सम्मानित भएका हुन। पुरस्कृत हुने पदाधिकारीहरू शिवप्रसाद भण्डारी, नीरद रेग्मी, केदारप्रसाद कोइराला, प्रदीपप्रसाद गजुरेल, धनबहादुर प्रजापति, मोहन खजुम, देवीप्रसाद भण्डारी , ओपेन्द्रबहादुर हमाल, निर्मलराज कँडेल र गोपाल खत्री रहेका छन्।



भन्सार विभागका महानिर्देशकबाट प्रमाणपत्र ग्रहणगर्दै मोहन खजुम

# निकासी प्रवर्द्धन तथा राजस्व बृद्धिमा व्यवसायीहरूको योगदान प्रशंसनीय

निकासी प्रवर्द्धन तथा राजस्व बृद्धिमा व्यवसायीहरूको योगदान क्रमशः वृद्धिहुँदै जानु प्रशंसनीय रहेको छ। ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउन माघ १२ गते आयोजना गरिएको विशेष कार्यक्रममा अर्थ सचिव रामेश्वरप्रसाद खनालले सो धारणा व्यक्त गर्नु भएको हो। सोही कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री सुरेन्द्र पाण्डेले आर्थिक विकास नै राष्ट्रिय विकासका सम्पूर्ण पक्षहरूको कडी भएको हुँदा उत्पादनशील क्षेत्रमा लगानी बढाइ आयात भन्दा निकासीमा जोड दिइनुपर्ने तथा राष्ट्रको लागि आर्थिक क्रान्ति तथा परिवर्तनको खाँचो रहेको बताउनु भयो। राजस्व सचिव कृष्णहरि वास्कोटाले भन्सारमा लागू भएको आशिकुडा, ब्रोकर मोड्युल, सेलेक्टिभिटी मोड्युलले युगानुकुल परिवर्तन ल्याएको मन्तव्य व्यक्त गर्नुभयो। पूर्व महानिर्देशक दुर्गाप्रकाश पाण्डेले अन्तर्राष्ट्रिय पर्यटकहरूको प्रथम सम्पर्क भन्सारका कर्मचारीहरूसँग हुने हुँदा कर्मचारी हरू तालिम प्राप्त, इमानदार र सदाचार युक्त हुनु पर्ने बताउनु भयो। पूर्व महानिर्देशक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव रामचन्द्रमान सिंहले राजस्व सङ्कलन र व्यापार सहजीकरण गर्नमा भन्सार प्रशासनले उद्योग व्यवसायी लगायत सबै सरोकारवर्गको सक्रिय सहयोग हासिल गर्दै सकारात्मक योगदान पुऱ्याउनु पर्ने आवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो। नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले राजस्व भन्सारमुखी नभइ आयकरमुखी हुनुपर्ने, आयात निर्यात सरल र सहज हुनुपर्ने तथा राजस्व अभिवृद्धि गर्ने सवालमा व्यवसायीहरूले दिएको सुझावहरू सरकारले कार्यान्वयन गर्न सकेमा राजस्वमा सकारात्मक अभिवृद्धि हुने कुरा अभिव्यक्त गर्नुभयो। नेपाल चेम्बर अफ कमर्सका कार्यवाहक अध्यक्ष सुरेशकुमार बस्नेतले भन्सार प्रशासनले सुरु गरेको सुधार कार्यक्रमबाट व्यापार सहजीकरणमा उल्लेखनीय बृद्धि भएको तथा असल र खराब करदाताको फरक पहिचान गरी करदाताप्रति सम्मानपूर्ण व्यवहार बढाउन अभियान थालनी गरेकोमा प्रशंसा गर्नुभयो। भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले चालू आर्थिक वर्षको प्रथम ६ महिनामा तोकिएको लक्ष्य भन्दा ७ अरब बढी राजस्व असुल भएकोमा उद्योगी व्यवसायी लगायत सबैप्रति आभार व्यक्त गर्नु भयो।



वक्तव्य क्रममा अर्थसचिव



वक्तव्य क्रममा राजस्व सचिव



वक्तव्य क्रममा अर्थमन्त्री

# भन्सार प्रशासनमा प्रथम फोटो प्रतियोगिता सम्पन्न

भन्सार विभाग वा अन्तर्गत कार्यरत कर्मचारीहरू सहभागी हुन पाउने गरी आयोजना गरिएको प्रथम फोटो प्रतियोगिता सम्पन्न भएको छ। ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा भन्सार विभागद्वारा आयोजित यस प्रतियोगितामा भन्सार प्रशासनको कार्यसम्पादनका सिलसिलाका फोटोहरू सामेल हुन पाउने प्रावधान रहेको थियो। प्रतियोगितामा भन्सार विभागका शाखा अधिकृत सूर्य सेढाइले प्रथम स्थान प्राप्त गरेका छन् भने द्वितीय र तृतीय स्थान क्रमशः विराटनगर भन्सार कार्यालयका कम्प्युटर अधिकृत अरुण पौडेल र भन्सार विभागका शाखा अधिकृत नीरद रेग्मीले प्राप्त गरेका छन्। भन्सार प्रशासनको इन्टेलिजेन्स गतिविधिमा सुधार गर्ने प्रयोजनकालागि भन्सार विभागमा हालै इन्टेलिजेन्स शाखा स्थापना भएको सन्दर्भमा यस प्रतियोगिताको सुरुआतले भन्सार विभागमा फोटो बैंक स्थापनाभई इन्टेलिजेन्स गतिविधिमा योगदान पुग्ने तथा भन्सार प्रशासनको कार्यसम्पादनमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरू र सरोकार समूहलाई थप सम्मान र प्रोत्साहन पुग्ने इन्टेलिजेन्स शाखाका निर्देशक अच्युत सिवाकोटी बताउनु हुन्छ।



अर्थमन्त्रीबाट प्रमाणपत्र ग्रहणगर्दै शाखा अधिकृत सूर्य सेढाइ

# सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारीहरू सम्मानित

५८औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा भन्सार विभागद्वारा भैरहवा भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृतको पदमा कार्यरत गोविन्द श्रेष्ठलाई वर्षको सर्वोत्कृष्ट कर्मचारीको रुपमा सम्मानित गरेको छ भने अन्य केही कर्मचारीहरूलाई वर्षको उत्कृष्ट कर्मचारीको रुपमा सम्मानित गरेको छ। बितेको एक वर्षमा कुनै प्रशंसनीय तथा उल्लेखनीय काम गर्ने वा वर्षभर उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई विश्व भन्सार दिवसको दिन सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारीको प्रमाणपत्रबाट सम्मानित गर्ने परम्परा रहे अनुसार कर्मचारीहरू सम्मानित भएका हुन्। उत्कृष्ट हुने कर्मचारीहरूको विवरण निम्नानुसार छ।



अर्थमन्त्रीबाट सर्वोत्कृष्ट कर्मचारीको प्रमाणमत्र ग्रहण गर्दै प्र.भ.अ. गोविन्द श्रेष्ठ

| पद | नाम थर | कार्यालय |
|---|---|---|
| त. अधिकृत | ध्रुव प्रधान | भन्सार विभाग |
| ना.सु. | भुपेन्द्रबहादुर कार्की | भन्सार विभाग |
| टा.ख. | बाबुराजा चित्रकार | भन्सार विभाग |
| ल्याव अ. | सानुकान्छा महर्जन | भन्सार विभाग |
| टा.ना.सु. | कृष्ण कुमारी कार्की | भन्सार विभाग |
| ह.स.चा. | समुन्द्र घिमिरे | भन्सार विभाग |
| मुखिया | कृष्णबहादुर हमाल | रसुवा भन्सार कार्यालय |
| का.स. | माधवप्रसाद घिमिरे | सुनसरी भन्सार कार्यालय |
| क.अपरेटर | शत्रुधन यादव | मेची भन्सार कार्यालय |
| खरिदार | भीमप्रसाद रावल | मुगु भन्सार कार्यालय |
| क.अपरेटर | राजकुमार रुपाखेती | भैरहवा भन्सार कार्यालय |
| ना.सु. | राजेन्द्रकुमार कार्की | नेपालगञ्ज भन्सार कार्यालय |
| खरिदार | रेशमबहादुर खत्री | वीरगञ्ज भन्सार कार्यालय |
| ना.सु. | हवीवुल्लाह खान पठान | गौर भन्सार कार्यालय |
| खरिदार | हरिहर काफ्ले | सिरहा भन्सार कार्यालय |

| पद | नाम थर | कार्यालय |
|---|---|---|
| ना.सु. | जीतबहादुर राई | विराटनगर भन्सार कार्यालय |
| का.स. | कृष्णदेव यादव | विराटनगर भन्सार कार्यालय |
| प्र. भ. अ. | मोहनबहादुर चन्द | त्रि.वि. भन्सार कार्यालय |
| का.स. | भक्तबहादुर चौलागाई | लामाबगर भन्सार कार्यालय |
| खरिदार | लक्ष्मणदत्त लेखक | कैलाली भन्सार कार्यालय |
| खरिदार | बलबहादुर चन्द | कञ्चनपुर भन्सार कार्यालय |
| का.स. | कृष्णबहादुर खत्री | तातोपानी भन्सार कार्यालय |
| ना.सु. | चन्द्रमणी पौडेल | राजविराज भन्सार कार्यालय |
| ना.सु. | राममणी यादव | जनकपुर भन्सार कार्यालय |
| खरिदार | गेहेन्द्र सुब्बा | जलेश्वर भन्सार कार्यालय |
| खरिदार | राजकुमार पोखरेल | कृष्णनगर भन्सार कार्यालय |
| ना.सु. | रामप्रसाद पोखरेल | राजापुर भन्सार कार्यालय |
| मुखिया | लक्ष्मीप्रसाद तिमिल्सिना | राजापुर भन्सार कार्यालय |
| ना.सु. | रुपकराज पोखरेल | सर्लाही भन्सार कार्यालय |

# उत्कृष्ट भन्सार एजेन्टहरू सम्मानित

५८औं अन्तर्राष्ट्रिय भन्सार दिवसको उपलक्ष्यमा भन्सार विभागद्वारा विभिन्न भन्सार कार्यालयहरूमा कार्यरत केही भन्सार एजेन्टहरूलाई वर्षको उत्कृष्ट भन्सार एजेन्टको रुपमा सम्मानित गरेको छ। बितेको एकवर्षमा उत्कृष्ट कार्यसम्पादन गर्ने भन्सार एजेन्टहरूलाई विश्व भन्सार दिवसको दिन उत्कृष्ट भन्सार एजेन्टको प्रमाणपत्रबाट सम्मानित गर्ने परम्परा रहे अनुसार एजेन्टहरू सम्मानित भएका हुन्। उत्कृष्ट हुने एजेन्टहरूको विवरण निम्न रहेको छ।

| क्र.सं. | भन्सार एजेन्ट | कार्यालय |
|---|---|---|
| १. | रामचन्द्र पण्डित ३९० | सुखखा बन्दरगाह भन्सार कार्यालय |
| २. | ललित तामाङ्ग, ०३/०५३।५४ | मेची भन्सार कार्यालय |
| ३. | सत्यनारायण चौधरी,३०८/०५६ | भैरहवा भन्सार कार्यालय |
| ४. | उत्तम श्रेष्ठ, १४७ | नेपालगञ्ज भन्सार कार्यालय |
| ५. | राकेशकुमार श्रीवास्तव | गौर भन्सार कार्यालय |
| ६. | मृगतृष्णा इन्टरट्रेड, विजेन्द्र परासर,०६०/०५३।५४ | विराटनगर भन्सार कार्यालय |
| ७. | विष्णुमणी खनाल | त्रि.वि.स्थल भन्सार कार्यालय |
| ८. | प्रकाश रावत | कैलाली भन्सार कार्यालय |
| ९. | विनोद पौडेल, सगरमाथा ढुवानी तथा एजेन्ट सर्भिस | तातोपानी भन्सार कार्यालय |
| १०. | पोखराज सिंह | कृष्णनगर भन्सार कार्यालय |

# विराटनगर भन्सारमा अन्तर्राष्ट्रिय भन्सार दिवस विविध कार्यक्रमका साथ सम्पन्न

"भन्सार र व्यवसाय : सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार" भन्ने मूल नाराका साथ ५८ औ अन्तर्राष्ट्रिय



रक्तदान गर्दै विराटनगर भन्सार कार्यालय परिवार

भन्सार दिवस विराटनगर भन्सार कार्यालयमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी भव्यताका साथ मनाइयो। जनवरी २५ को दिन कार्यालय परिसर तथा आवास क्षेत्रको व्यापक सरसफाइ गर्नुको साथै भन्सार दिवसको नारा लेखिएका तुल ब्यानरहरू कार्यालय परिसर, यात्रु शाखा तथा बाटोमा झुण्याउने कार्य भयो। सोही दिन साँझ कार्यालयमा दीपावली गरियो। जनवरी २६ का दिन सर्वप्रथम विराटनगर भन्सार एजेन्ट संघको प्रायोजनमा भएको रक्तदान कार्यक्रममा यस कार्यालयका कर्मचारी, भन्सार एजेन्ट, सशस्त्र प्रहरी, जनपथ प्रहरी, उद्योगी व्यापारी लगायत अन्य इच्छुक गरी जम्मा ५८ जनाबाट रक्तदान गर्ने कार्य सम्पन्न भयो। भन्सार दिवसको कार्यक्रमको क्रममा भन्सार अधिकृत गोपाल खत्रीले भन्सार कार्यालयको वर्तमान वस्तुस्थिति संक्षिप्त रुपमा प्रस्तुत गर्नु भयो। सोही क्रममा प्रस्तुत भएका फोटोहरूमध्ये तस्करी गर्दै गरेको एक वालकको पक्राउ परेको फोटो प्रस्तुत भएको देखेपछि सोबाट प्रभावित भई उक्त बालक र अन्य १ जना गरिब बालिका गरी २ जनालाई भन्सार एजेन्ट प्रतिनिधि अरविन्द ठाकुरले एस.एल.सी. सम्मको शिक्षाको खर्च बेहोर्ने प्रतिवद्धता गरे। भन्सार दिवसको अवसरमा आयोजित कार्यक्रमको प्रमुख आतिथ्यता क्षेत्रीय प्रशासक धरणीधर खतिवडाले गर्नु भयो। वहाँको अगुवाइमा आवास परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो। कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव महानिरीक्षक, राजस्व परामर्श समितिका सदस्य, उद्योग सङ्गठन मोरङका अध्यक्ष, मोरङ व्यापार संघका अध्यक्ष, एजेन्ट संघका अध्यक्ष लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो। कार्यक्रममा भन्सार विभागबाट प्राप्त पत्रअनुसार यस वर्षका २ उत्कृष्ट कर्मचारी ना.सु. जित बहादुर राई, का.स. कृष्णदेव यादव र भन्सार एजेन्ट विजेन्द्र परासर, विश्व भन्सार सङ्गठनबाट सम्मानित भन्सार अधिकृत गोपाल खत्रीमा बधाई ज्ञापन गरियो। भन्सार दिवसका दिनका प्रथम निकासी कर्ता र प्रथम पैठारी कर्ता तथा गत वर्ष यसै कार्यालयबाट निवृत्त हुनुभएका कर्मचारी तोयानाथ फुयाललाई फूलमाला अवीर लगाई सम्मान गरियो। सो दिन कार्यालयको दक्षिण पश्चिम स्थित दसगजाको जमिनमा भत्केको पर्खालबाट हुने चोरी पैठारी रोक्न काँडेतार लगाउने कार्यको प्रमुख अतिथिबाट शिलान्याससहित


उत्कृष्ट कर्मचारीको रुपमा सम्मानित ना.सु. जितबहादुर राई (बीचमा)

सुरुआत गरियो। सभाका सभापति प्रमुख भन्सार अधिकृतबाट सबै सहभागीलाई धन्यवादसहित समारोहको समापन भयो। कार्यक्रमको सञ्चालन कम्प्युटर अपरेटर सरस्वती कार्कीले गर्नु भएको थियो।

# सिराहा भन्सार कार्यालयमा पनि अन्तर्राष्ट्रिय भन्सार दिवस कार्यक्रम

सिराहा भन्सार कार्यालयका कार्यालय प्रमुख राजेश कुमार दत्तले ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस कार्यक्रम विभिन्न कार्यक्रमकासाथ मनाउनुका साथै भन्सार दिवसका दिन चालू रहेका छोटी भन्सार कार्यालयहरू निरीक्षण गरी सम्पूर्ण कर्मचारीहरूलाई विश्व भन्सार दिवसको शुभकामना दिनु भएको छ। भन्सार दिवसको दिन कार्यालयहरूमा कर्मचारीहरूको उपस्थिति र कार्यालय परिसरको सरसफाइ उत्साहजनक रहेको कार्यालय प्रमुख दत्त बताउनु हुन्छ। वहाँले निरीक्षणको क्रममा आगामी दिनहरूमा समेत चोरी निकासी पैठारीलाई निरूत्साहित गरी व्यापार सहजीकरणमा थप टेवा पुऱ्याउन निर्देशन दिनु भएको जानकारी प्राप्त भएको छ।

# नेपालगन्ज भन्सार कार्यालयमा भन्सार दिवस विशेष उत्साहसाथ मनाइयो

२६ जनवरी २०१० ( २०६६/१०/१२) गते ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस " भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार" नाराका साथ एक कार्यक्रमको आयोजना गरी मनाइयो। कार्यक्रमको शुभारम्भ मन्तव्य दिँदै नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विनोदबहादुर कुँवरले भन्सारको कार्यक्षेत्र मालवस्तुको निकासी पैठारी गर्ने मात्र नभई कानूनले निषेध गरेका अवैध सामान नियन्त्रण गर्ने, व्यापार सहजीकरण गरी भन्सार र व्यवसायीबीच आपसी सहयोग र सदाचार कायम गर्ने तथा राजस्व सङ्कलन गर्ने उल्लेख गर्दै अबको भन्सार प्रशासन उद्योगी व्यवसायी तथा व्यापारीको सहकार्यबाट मात्र अघि बढ्ने बताउनु भयो। यसै अवसरमा यसवर्षका उत्कृष्ट कर्मचारी राजेन्द्र कार्की र उत्कृष्ट भन्सार एजेन्ट उत्तमकुमार श्रेष्ठलाई सम्मान गर्नुको साथै सेवाग्राही गुलफाम ट्रेडिङ कन्सर्न जैसपुर बाँकेका मिस वाहुलहक अन्सारी, मनोज सप्लायर्स नेपालगन्जका मुकेश अग्रवाल र शान्ति ट्रेडिङ कम्पनी धनगढीका नितिन गुप्तालाई फूलमाला र अवीरले सम्मान गरियो। भन्सार दिवसको बिहान कार्यालय परिसरमा सरसफाइ गरिनुका साथै वृक्षारोपण समेत गरियो।

# मेची भन्सार कार्यालयमा भन्सार दिवस भव्यताकासाथ मनाइयो

माघ १२ गते तदनुसार २६ जनवरी २०१० मङ्गलबारको दिन मेची भन्सार कार्यालय काँकडभिट्टामा ५८औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाइयो। कार्यक्रममा मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत डा. ज्ञानुराजा श्रेष्ठ, भन्सार एजेन्ट संघका अध्यक्ष मोहन निरौला, मेची उद्योग वाणिज्य संघका अध्यक्ष केशवराज पाण्डे, राजस्व गस्ती सशस्त्र प्रहरीबलका नायब उपरीक्षक अशोक कुमार शाक्य, Inland Clearance Depot (ICD) सँग आबद्ध इन्जिनियर उदय श्रेष्ठ तथा रवीन्द्र श्रेष्ठ लगायत भन्सार कार्यालयका अधिकृत तथा अन्य कर्मचारी र भन्सार एजेन्टहरूको समुपस्थिति थियो।

भन्सार दिवस मनाउने क्रममा कार्यालय तथा यात्रु शाखा परिसरमा सरसफाइ, भन्सार हाता भित्र वृक्षारोपण, वर्ष भरिमा उत्कृष्ट कार्य गर्ने भन्सार कर्मचारी कम्प्युटर अधिकृत शत्रुधन यादव तथा उत्कृष्ट भन्सार एजेन्ट ललित तामाङको नाम घोषणा गरी उहाँहरूलाई उपहारसहित सम्मान गरियो। कार्यक्रमका क्रममा उक्त दिनका पहिला निकासी एवं पैठारीकर्ता करदाताहरू क्रमशः रमेश साह र कृष्णकान्त खनियालाई फूलमालासहित स्वागत र सम्मान गरियो।

कार्यक्रमका क्रममा यस वर्षको अन्तर्राष्ट्रिय भन्सार दिवसको नारा " भन्सार र व्यवसाय: सहकार्यको माध्यमबाट कार्यसम्पादनमा सुधार" मा केन्द्रित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।अन्तरक्रियामा मेची भन्सार एजेन्ट संघका अध्यक्ष निरौला तथा मेची उद्योग वाणिज्य संघका अध्यक्ष पाण्डेले भन्सार र व्यावसायिक क्षेत्रबीचको सहकार्यको विषयमा चर्चा गर्दै मेची भन्सारमा निर्माणाधिन ICD को पूर्ण उपयोगिता हुनुपर्नेमा जोड दिनु भयो।प्रमुख भन्सार अधिकृत उमेशकुमार वस्नेतबाट भन्सार दिवसको नाराको सार्थकता भन्सार र व्यवसायी एवं भन्सार एजेन्टहरूको सहकार्यबाट मात्र सम्भव हुने र यसबाट नै भन्सारको कार्यसम्पादनमा सुधार गर्न सकिने प्रष्ट पार्नु भयो। अन्तरक्रियामा उठेका जिज्ञासाहरूको जवाफ दिँदै कार्यालय प्रमुख डा. श्रेष्ठले भन्सारको कार्यसम्पादनमा सुधार गर्ने हेतुले हालै लागू गरिएको कम्प्युटरकृत ब्रोकर मोड्युल र निकट भविष्यमा लागू गर्ने तयारीमा रहेको छनौट प्रणालीमा आधारित जाँचपास प्रक्रिया जस्ता नयाँ सुधारका कार्यक्रमहरू भन्सार प्रशासन, भन्सार एजेन्ट तथा उद्योगी व्यवसायीहरूको पारस्परिक विश्वास र सहकार्यबाट मात्र सफल हुने हुँदा सो कार्यमा रचनात्मक सहकार्यका लागि आग्रह गर्नु भयो।

# ५८ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा भन्सार विभागका पूर्व महानिर्देशक दुर्गाप्रकाश पाण्डेले दिनुभएको शुभकामना

५८ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको शुभ दिनमा केही शब्द बोल्ने अवसर दिनु भएकोमा आयोजकहरूमा सहर्ष धन्यवाद टक्राउन चाहन्छु। नेपालको तर्फबाट पनि यो दिवसको महत्व सम्झी विशेष कार्यक्रम गर्ने परम्परा गर्नु ज्यादै प्रशंसनीय छ।

संसारको कुनै देशमा जाँदा वा आउँदा भन्सारकै बाटो भई जानु आउनु पर्ने भएकोले अन्तर्राष्ट्रिय भाइचारा बढाउन भन्सारको ठूलो महत्व छ। यात्रुलाई भन्सारले गर्ने व्यवहार, सहयोग, मद्दत, सान्त्वना आदिका कारणले विभिन्न देशबाट आएका यात्रुहरूलाई ठूलो उत्साह, उमङ्ग तथा सूचनाको प्रभाव पर्ने भएकोले भन्सारका कर्मचारीहरूको व्यवहारमा नै देशको इज्जत, प्रतिष्ठा बढी अन्तर राष्ट्रिय जगतमा ठूलो प्रभाव पर्दछ। त्यसैले Customs is the first and last impression of the country भनिन्छ।

पर्यटक वा यात्रु नयाँ देश जाँदा त्यस देशको कानून, रित्ति रिवाज, व्यवहार, चालचलन आदिको विषयमा धेरैलाई राम्रो ज्ञान नहुने भएकोले यात्रामा अनेक अन्योलता तथा घवडाहट आउनु स्वाभाविक हो। यस्तो अवस्थामा सानोतिनो मद्दत, सहयोग र व्यवहारले पनि यात्रुहरूमा ठूलो प्रभाव पर्दछ। साथै भन्सारका कर्मचारीहरूका लागि नियम कानूनको पनि उत्तिकै महत्व भएकोले कानून र यात्रुको बीचमा कुनै समस्या आइपरेमा बुद्धिमानी तरिकाले सम्झाइ बुझाइ राम्रो व्यवहार गर्नु अति आवस्यक देखिन्छ। सबै यात्रुहरू राम्रै हुन्छन् भन्ने छैन। असल, खराब व्यक्तिहरू हरेक ठाउँमा

हुने गर्दछन्। केही खराब व्यक्तिहरूका कारण भन्सारका कर्मचारीलाई समय समयमा समस्या झेल्नु परेको कुरा पनि मैले भनिरहनु पर्ने होइन। यस्ता केही व्यक्तिहरूले गर्दा कतिपय देशको प्रतिष्ठामा समेत असर परेको छ। अतः हाम्रो देशमा आउने पर्यटकहरूको लागि पनि नम्रतापूर्वक चनाखो भई व्यवहार र कार्य गर्नुपर्ने हुन्छ। आधुनिक समयमा पुरानो तरिकाले बढी खानतलासी गर्नु भन्दा अत्याधुनिक यन्त्रहरू, कुकुरको प्रयोग, सूचनाहरूको आदान प्रदान, नमुना परीक्षण जस्ता विषयहरूमा जोड दिनु पर्ने देखिन्छ। अन्तर्राष्ट्रिय जगतमा पर्ने असर र पर्यटक आगमन वृद्धि गराउने विचार गरी नेपाल प्रवेश गर्ने मुख्य मुख्य नाकाका भन्सारहरूमा तालिम प्राप्त योग्य, अनुभवी, इमानदार भन्सार अधिकृतहरूलाई राख्नु आवश्यक देखिन्छ।

विभिन्न देशबाट आएका पर्यटकहरूलाई समावेश गरी समय समयमा भन्सार विभागले गोष्ठी, छलफल, बैठक गरी नेपाल आउँदा वा जाँदा विदेशीहरूलाई के कस्तो समस्या पर्ने गरेको छ, उनीहरूको अनुभव, समस्या तथा के कस्तो सुधार गर्न सकिन्छ भन्ने विषयमा राय, सल्लाह लिनु ज्यादै राम्रो हुने सुझाव व्यक्त गर्दछु।

हाम्रो देशको मुख्य राजस्वको श्रोत भन्सार भएकोले यसको ठूलो महत्व छ र यसमा भन्सार प्रशासनले गौरव राख्ने गरेको छ। कुनै पनि देशको प्रगति, उन्नती विकास, सम्बृद्धिको विषयमा अध्ययन गर्न चाहने व्यक्ति वा संस्थाले सर्वप्रथम भन्सार र अन्तःशुल्कको राजस्व हेर्ने गर्दछन्। यसबाट देशको आर्थिक स्थिति स्पष्ट हुने कुरा सबैलाई बोध भएकै हो। नेपाल समेत सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थाहरूमा गरेको वचनबद्धता क्रमशः कार्यान्वयन गर्दै जानु पर्ने स्थिति तथा वाध्यतालाई समेत विचार गरी अहिले देखिनै भन्सार सम्बन्धी नीति र कार्यक्रम बनाउनु अति आवश्यक भइसकेको ब्यहोरा अनुरोध गर्छु।

भन्सार यस्तो ठाउँ हो जहाँ जस्तोसुकै इमानदारीका साथ काम गरे तापनि लान्छना लाग्ने गरेकोछ। नियम कानून राम्रोसँग अनुकरण गर्दा अव्यवहारिक भनिन्छ। कार्यसम्पादनका सिलसिलामा अस्वस्थ दवाव पनि आउँछ र सो अनुसार काम नगर्दा शत्रुता कमाइन्छ। कार्यमा लचिलो हुँदा अनेक शंका गरिन्छ। हरेक देशमा इमानदार र भ्रष्टाचारी मानिस हुन्छन्। खाली घटी र बढी मात्र। यस स्थितिमा उच्चस्तर देखि तलसम्म राम्रो समझदारी, स्पष्ट निर्देशन हुनु र समय समयमा उच्च तहबाट भन्सारहरूको निरीक्षण गर्नु अति आवश्यक छ।

नेपाल र उत्तरी छिमेकीबीच कठिन भौगोलिक स्थिति, अविकसित व्यापार, कम नाकाका कारण हालसम्म ठूलो समस्या देखिएको छैन। दक्षिणतर्फ खुल्ला सिमाना भएकोले अनेक किसिमका विकृतिहरू देखा परेका छन्। भन्सारको दृष्टिकोणबाट आयात निर्यातमा राम्रो नियन्त्रण गर्न प्रायः असम्भव देखिएको छ। खुला सिमाना तथा धेरै भन्सार नाकाहरूले गर्दा व्यापार निगरानी गर्न धेरै गाह्रो छ। सीमा खुला राख्ने नीतिले गर्दा भन्सार नियन्त्रण र अरू कतिपय अपराध रोक्न प्रायः असम्भव हुँदै गएको छ। उल्टो सबैजसो दोष नेपाललाईनै पर्ने गरेको छ। हाल भएको बाणिज्य सन्धिमा डि.आर.पि. सिस्टम खारेज हुनु ज्यादैं राम्रो भएको छ। तेस्रो मुलुकबाट आयात निर्यात हुने वस्तुहरूको अन्तर्राष्ट्रिय मूल्य, नीति आदिको विषयमा भन्सार विभागलाई (अपटुडेट) अरू बढी ज्ञान हासिल गर्ने संयन्त्रहरूको विकास गर्न अति आवश्यक छ।

भन्सार तथा उद्योग वाणिज्यको सम्बन्ध नङ मासुझैं हुने कुरामा दुई मत नहोला। तसर्थ देश विकास र कारोबारको लागि एक आपसमा सहयोग, समन्वय, समझदारी र इमानदारिता हुनु अति आवश्यक छ। अतः समय समयमा भन्सार तथा बाणिज्य र उद्योग सम्बन्धी जिम्मेवार व्यक्तिहरूबीच छलफल, समस्याको निवारणको विषयमा समझदारी कायम गरी देशलाई समृद्ध गर्न गराउन एक अर्कालाई मद्दत र सहयोग गर्नुपर्ने देखिन्छ। उद्योग वाणिज्यको प्रगति भएमा मात्र देश अगाडि बढ्ने भएकोले यसैमा भन्सारको भविष्य पनि राम्रो हुने मनन गरी नीति निर्माणमा सहकार्य गर्नुपर्ने ब्यहोरा अनुरोध गर्दछु।

अन्तमा आजको दिन भन्सार तथा उद्योग वाणिज्यको तर्फबाट मलाई सम्मान गर्नु भएकोमा हृदय देखिनै हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, भन्सार तथा उद्योग वाणिज्यको प्रगति, उन्नती भई देशको विकासमा ठूलो योगदान गर्न सकोस् भनी श्री परमेश्वरसँग प्रार्थना गर्दै आफ्नो छोटो वक्तव्य समाप्त गर्दैछु। धन्यवाद।।

## अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा भन्सार विभाग परिवार





महानिर्देशकबाट उत्कृष्ट कर्मचारीको प्रमाणपत्र ग्रहण गर्दै तथ्याङ्क अधिकृत ध्रुव प्रधान



महानिर्देशकबाट उत्कृष्ट कर्मचारीको प्रमाणपत्र ग्रहण गर्दै शाखा अधिकृत भूपेन्द्र कार्की



महानिर्देशकबाट उत्कृष्ट कर्मचारीको प्रमाणपत्र ग्रहण ल्या.असिस्टेन्ट सानुकान्छा महर्जन



महानिर्देशकबाट भन्सारको लोगो ग्रहण गर्दै IMF का भन्सार परामर्शदाता रोन म्याकग्राथ



भन्सार विभागका महानिर्देशक तथा उपमहानिर्देशकहरूका साथमा सूचना प्रविधि तथा तथ्याङ्क र भन्सार सुधार तथा आधुनिकीकरण शाखा परिवार

http:\www.customs.gov.np

dg@customs.gov.np
ddg@customs.gov.np
valuation@customs.gov.np
tariff@customs.gov.np
lab@customs.gov.np
stat@customs.gov.np

it@customs.gov.np
inspect@customs.gov.np
account@customs.gov.np
admin@customs.gov.np
crm@customs.gov.np
drp@customs.gov.np

**प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं. ४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८**

प्रमुख सल्लाहाकारः बोधराज निरौला, सल्लाहाकारः लवराज श्रेष्ठ, डिकरदेव भट्ट, कुलराज ज्ञवाली प्रधान सम्पादकः श्यामप्रसाद दाहाल, सम्पादकः नीरद रेग्मी